annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३१८, पृष्ठ ८ | काठमाडौं, बिहीबार ५ चैत २०८२ | चैत्र कृष्णपक्ष औंसी, नेपाल संवत् ११४६ | THURSDAY, MARCH 19, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# छवि बदल्न खोज्दै रवि

स्थापना भएको तीन वर्षमै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अभूतपूर्व जनमत पाएको छ। रास्वपा सभापति रवि लामिछानेले ऐतिहासिक जनमतलाई व्यक्तिगत लाभ होइन, प्रणाली सुधार, सुशासन र सामाजिक न्याय स्थापना गर्नका लागि प्रयोग गर्न निर्देशनात्मक सन्देश दिएका छन्। उनले पार्टीका नवनिर्वाचित सांसदहरूलाई भनेका छन्, 'नागरिकसँग करार गरेका छौं। यसपटक परिवर्तन गरेरै छोड्ने हो। अनुशासित र जिम्मेवार बन्नुहोला।' ५० वर्षीय रविको बोलीमा देखियो- आक्रामकता थोरै, जिम्मेवारीबोध धेरै।

**दिनेश गौतम** | *काठमाडौं*

विस्तृत पृष्ठ २



सम्पादकीय

## रास्वपाले पाइला-पाइलामा बुझ्नुपर्ने कुरा

आमनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अभूतपूर्व नतिजा निकाल्यो। दुईतिहाइका लागि २ सिट कम प्राविधिक कुरा हो। तर, मतदाताले उसलाई त्यही कोटीको विजय दिलाएका हुन्। चुनावी नतिजालाई अनेक कोणबाट विश्लेषण गर्न सकिन्छ। मूलतः यो पुराना दलबाट आजित नागरिकले प्रकट गरेको मत हो र त्यसमा आशासमेत पक्कै मिसिएको छ। दुईतिहाइ नै भने पनि रास्वपाले पाएको मत भनेको झन्डै ४८ प्रतिशतमात्रै पनि हो। अर्थात् ५२ प्रतिशत मतदाता उसको विपक्षमा छन्। हाम्रो निर्वाचन

# आवश्यकताबिनै महँगा उपकरण




**मनिका झा** | *जनकपुरधाम*

अन्नपूर्ण निगरानी

**मधेस प्रदेश सरकारले दुई वर्षदेखि अस्पतालका लागि औषधि खरिद गरेको छैन तर, बिना आवश्यकता करोडौं रुपैयाँका स्वास्थ्य उपकरण थपेको छ। परिणामः अस्पतालहरूमा सेवा कमजोर छ, महँगा उपकरण प्रयोगविहीन छन्।**

मधेस प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चालु आर्थिक वर्षको कुल बजेट ६ अर्ब ४५ करोड ६१ लाख रुपैयाँमध्ये फागुन २४ गतेसम्म १६ प्रतिशत मात्र खर्च गरेको छ।

मन्त्रालयले चालु खर्च २४ प्रतिशत गरे पनि पुँजीगत खर्च नगन्य (१.२३ प्रतिशत) रहेको तथ्यले मन्त्रालयको कार्यसम्पादन कति कमजोर छ भन्ने देखाउँछ। गत आर्थिक वर्षमा पनि अवस्था फरक थिएन। कुल बजेटको करिब ४५ प्रतिशत खर्च नभएर 'फ्रिज' भएको थियो। स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा बजेट खर्च हुन नसक्नु र योजना कार्यान्वयन कमजोर हुनुले प्रदेश सरकारको प्राथमिकतामाथि नै प्रश्न उठाएको छ।

**'बिरामी' अवस्थामा सरकारी अस्पताल**

महोत्तरीको जलेश्वरस्थित प्रादेशिक अस्पतालको अवस्था आफैं बिरामी जस्तै देखिन्छ। अस्पताल परिसरमा प्रवेश गर्नेबित्तिकै दुर्गन्ध नाकमै ठोक्किन्छ। वरिपरि फोहोर थुप्रिएको छ। वार्डहरू अस्तव्यस्त छन्। बिरामी र कुरुवालाई बस्ने सफा ठाउँसमेत छैन। १५ बेडको जलेश्वर अस्पताललाई मधेस प्रदेश सरकारले १०० बेडमा स्तरोन्नति गरेको भए पनि जनशक्ति अभाव र कमजोर व्यवस्थापनका कारण बिरामीहरूले अपेक्षित सेवा पाउन सकेका छैनन्। घुँडा दुखाइको उपचारका लागि अस्पताल पुगेकी रामरती चौधरी भन्छिन्, 'फोहोर त छ तर के गर्ने, सरकारी अस्पतालमा आएपछि बर्दास्त गर्नै पर्छ। बिहानैदेखि पुर्जा काटेर बसेकी छु तर न डाक्टर आउँछन् न कसैले मतलब गर्छ।'

अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. रवि श्रीवास्तव भन्छन्, 'अस्पताललाई व्यवस्थित बनाउने प्रयास गरिरहेका छौं तर जनशक्ति व्यवस्थापन प्रदेशकै जिम्मेवारी हो।' अस्पतालमा रहेको एउटा एम्बुलेन्ससमेत जर्जर अवस्थामा छ।

बिरामीको अत्यधिक चाप रहने जनकपुरको प्रादेशिक अस्पतालमा पनि सेवा लिनु सहज छैन। पुर्जा काट्नकै लागि सयौं मानिसको लाम लाग्छ। जाँचका लागि पुगेपछि कहिले चिकित्सक नहुने त कहिले औषधि नै नहुने समस्या सामान्य जस्तै बनेको छ। जनकपुर अस्पतालमा ११औं तहका पाँच विशेषज्ञ चिकित्सकको दरबन्दी भए पनि हाल एक जनामात्रै उपलब्ध छन्।

» बाँकी पृष्ठ ६

